# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा

पत्र संख्या: २०८२।०८३
सूचना नम्बर:

लुम्बिनी प्रदेश, नेपाल

मिति-:२०८२/०७/०२

**बिषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

प्रस्तुत बिषयमा रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिका अन्तर्गत श्री बराहक्षेत्र माध्यमिक विद्यालय लुङ्ग्री-५ किलाचौरमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी सामाजिक बिषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.२२,मिति २०८२/०६/२९ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह/विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:**

१.तोकिएको म्याद भित्र विद्यालयमा स्वयम् उपस्थित भई वा विद्यालयको इमेल ठेगाना barahakshetrass@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,रोल्पा।

श्री बराहक्षेत्र माध्यमिक विद्यालय लुङग्री-५,किलाचौर ,रोल्पा।

श्री सूचना तथा प्रविधि शाखा वडाचौर ,रोल्पा ( website मा upload गरिदिनुहुन)।

(लेमेन्द्र बहादुर बुढाथोकी)
नि. प्रमुख प्रशासकीय अधिकृत